मितिः २०८१/१२/०६

समयः दिनको ११:०० बजे

स्थानः कैलाश गाउँकार्यपालिकाको कार्यालय, मकवानपुर।

आज मिति २०८१ साल चैत्र ६ गते बुधबारको दिन कैलाश गाउँपालिकाका अध्यक्ष श्री लोक बहादुर मुक्तानज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्तावहरु माथी छलफल गरी निम्नानुसारको निर्णय पारित गरियो।

उपस्थितिः

| क्र.सं. | पदाधिकारीको नाम, कर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लोक बहादुर मुक्तान | अध्यक्ष | |
| २ | श्री बाल कुमार मल्ल ठकुरी | उपाध्यक्ष | |
| ३ | श्री तेज बहादुर ब्लोन | वडा अध्यक्ष, १ नं. वडा | |
| ४ | श्री राजेन्द्र तामाङ घिसिङ | वडा अध्यक्ष, २ नं. वडा | |
| ५ | श्री देव लाल बल | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६ | श्री तिलक बा. मोक्तान | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७ | श्री छेकु लामा | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८ | श्री राम बहादुर गोम्बा | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९ | श्री उदास कु. भोलन | वडा अध्यक्ष, ७ नं. वडा | |
| १० | श्री आशिष प्रजा | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११ | श्री भुवन सिं घलान | वडा अध्यक्ष, ९ नं. वडा | Bhuvan. |
| १२ | श्री सूर्य बहादुर ब्लोन | वडा अध्यक्ष, १० नं. वडा | |
| १३ | श्री दिल माया प्रजा | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १४ | श्री सुन्तली सुनुवार | कार्यपालिका सदस्य | |
| १५ | श्री बुद्धिलाल सुनार | कार्यपालिका सदस्य | बुद्धिलाल |
| १६ | श्री सम्झना गोले | कार्यपालिका सदस्य | सम्झना |
| १७ | श्री गोरी माया वुलुन | कार्यपालिका सदस्य | |
| १८ | श्री राम माया प्रजा | कार्यपालिका सदस्य | |
| १९ | श्री अमुल श्रेष्ठ | सदस्य-सचिव (प्र.प्र.अ.) | |

कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
बागमती प्रदेश, नेपाल

कार्यपालिका बैठकमा छलफल हुने बिषयहरुः

१. कर्मचारी व्यवस्थापन सम्बन्धमा।

२. एस.ई.ई. परिक्षाकेन्द्र व्यवस्थापन सम्बन्धमा।

३. पोषण प्रबर्धनको लागि पोषण प्याकेज तथा पोषणजन्य कार्यक्रम कार्यविधि, २०८१ सम्बन्धमा।

४. शाखाहरुको अर्धबार्षिक समिक्षा सम्बन्धमा।

५. विविध।

निर्णयहरुः

१. प्रस्ताव नं १. उपर छलफल गर्दा इन्जिनियर सेवा सब इन्जिनियर पदमा कार्यरत करार कर्मचारी श्री अनिष प्रजालाई गाउँपालिकाको दरबन्दी अनुसार असिष्टेन्ट सब इन्जिनियरको रिक्त पदमा प्रदेश लोकसेवा आयोगबाट स्थायी पदपूर्ति नभएको कारण मितव्ययी तरिकाले कामकाजमा सहजता ल्याउन असिष्टेन्ट सब इन्जिनियर, सहायकस्तर चौथो तहमा करारमा कामकाज गराउने निर्णय अनुमोदन गरियो।

२. प्रस्ताव नं २. उपर छलफल गर्दा यस कैलाश गाउँपालिका अन्तर्गतका छ ओटा सामुदायिक माध्यमिक विद्यालयहरु मध्ये श्री कालिका माध्यमिक विद्यालयबाहेकका पाँच ओटा माध्यमिक विद्यालयहरुः ***श्री रत्नज्योति मावि, श्री धुवाङ मावि, श्री भवानी मावि, श्री कमलादेवी मावि र श्री व्यास मावि***को कक्षा १० को माध्यमिक शिक्षा परीक्षाको परीक्षा केन्द्र पहिलो पटक श्री कालिमा माध्यमिक विद्यालय, कैलाश-९ नामटारमा परेको जहाँ नियमित तर्फ १४९ र ग्रेडवृद्धि तर्फ ६७ जना गरी जम्मा २१६ जना परीक्षार्थी सहभागी हुने र राष्ट्रिय परीक्षा बोर्डले प्रकाशन गरेको समय तालिका अनुसार मिति २०८१।१२।०७ गतेदेखि १५ गते सम्म सञ्चालन हुने परीक्षामा सहभागी हुने विद्यार्थीको लागि अनुकूल वातावरण सिर्जना गरी परीक्षा दिन सहजता बनाउने हेतुका साथ समग्र खाजाखाना तथा बसोवासको व्यवस्थापन पालिकाबाट गर्ने गरि उक्त प्रयोजनको लागि रकम रु.५,००,०००/-(अक्षेरुपि पाँच लाख मात्र) भैपरि आउने चालु शीर्षकबाट बेहोर्ने निर्णय स्वीकृत गरीयो।

३. प्रस्ताव नं ३. उपर छलफल गर्दा यस गाउँपालिकाकको विधायन समितिमा छलफल गरी पेश हुन आएको कार्यविधि ***"गर्भवती/ सुत्केरीहरुको लागि खाद्य आहार तथा कुपोषित घरपरिवारको***

अमुल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

लोक बहादुर सुरकाम

*पोषण प्रवर्धनको लागि पोषण प्याकेज (झोला)वितरण तथा पोषणजन्य कार्यक्रमको कार्यविधि, २०८१"* स्वीकृत गर्ने निर्णय गरियो।

४. प्रस्ताव नं ४. उपर छलफल गर्दा चालु आ.व. २०८१/८२ को हालसम्मको शाखागत प्रगति विवरण सम्बन्धित शाखा प्रमुखहरुबाट प्रस्तुत गरियो र उक्त प्रस्तुतिकरण को बारेमा कार्यपालिका सदस्यहरुबाट पृष्ठपोषण प्रदान गरियो।

५. विविधः

(क) मकवानपुर जिल्लाको पश्चिम क्षेत्रमा रहेको कैलाश, राक्सिराङ्ग र मनहरी गा.पा. का मध्यम एवं निम्नवर्गिय पारिवारका विद्यार्थीहरु अध्ययनरत मनहरी बहुमुखी क्याम्पसको दीर्घकालिन एवं निश्चित आर्थिक स्रोत नभएकोले उक्त क्याम्पसको व्यवस्थापन र संचालनार्थ यस गा.पा. लाई अनुदान रकम माग भई आएको हुनाले रकम रु.१,५०,०००/- (अक्षेरुपी एक लाख पचास हजार रुपैंया मात्र) अनुदान प्रदान गर्ने निर्णय गरीयो।

(ख) मिति २०८१।११।२६ गतेको गाउँ शिक्षा समितिको बैठकको निर्णय नं. ६ अनुसार यस गा.पा. मा हाल माध्यमिक तहको विज्ञान तथा गणित विषयको पटक पटक विज्ञापन गर्दा पनि शिक्षण अध्यापन अनुमति पत्र भएका उम्मेदवारहरुको निवेदन नपरेको अवस्थामा विद्यालयमा शिक्षकको अभावको कारण विद्यार्थीको शिक्षण सिकाइमा पुगेको क्षतिलाई मध्यनजर गर्दै माध्यमिक तहको विज्ञान विषयमा रिक्त रहेको पदमा अध्यापन अनुमति पत्र नभएकाले समेत दरखास्त पेश गर्न पाउने तर अध्यापन अनुमति पत्र प्राप्त शिक्षकलाई पहिलो प्राथमिकता दिइने निर्णय अनुमोदन गरियो ।

(ग) राष्ट्रिय लोक तथा दोहोरी प्रतिष्ठान नेपालको आयोजनामा मिति २०८१/११/१७ देखि २०८१/११/२० गतेसम्म भरतपुर महानगरपालिका, चितवनमा ८ औं राष्ट्रिय रनिङ्ग शिल्ड दोहोरी गीत प्रतियोगिता भव्यताका साथ सम्पन्न गर्न आर्थिक सहयोग माग भई आएको हुनाले उक्त कार्यक्रमको लागि रकम रु. ५०,०००/- (अक्षेरुपी पचास हजार रुपैंया मात्र) प्रदान गर्ने निर्णय गरियो।

अमुल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
बागमती प्रदेश, नेपाल

लोक बहादुर मुक्तान
अध्यक्ष